# गाउँपालिका शैक्षिक अनुदान (सामुदायिक विद्यालय) निर्देशिका

## २०८०

आठराई त्रिवेणी गाउँपालिका

हाङपाङ, ताप्लेजुङ

कार्यपालिकाको मिति २०८०/१०/०७ द्वारा प्रथम संशोधन

Scanned with OKEN Scanner

## आठराई त्रिवेणी गाँउपालिकाको शैक्षिक अनुदान (सामुदायिक विद्यालय) निर्देशिका २०८०

नेपालको संविधान २०७२ ले दिएको अधिकारलाई सार्थक तुल्याउन गाँउपालिकामा प्राप्त संघ र प्रदेश सरकार प्राप्त अनुदान र गाँउपालिकाबाट विनियोजित आन्तरिक श्रोतको रकम को शिक्षा शाखाले तयार गरी पेश गरेको बस्तुगत विवरणका आधारमा विद्यालयहरुमा उपलब्ध गराइने अनुदान तथा अन्य व्यवस्था सम्बन्धी निर्देशिका निर्माण गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र आठराई त्रिवेणी गाँउपालिका शिक्षा शिक्षा ऐन, २०७८ तथा शिक्षा नियमावली, २०७९ बमोजिम मिति २०८० असार १० गते बसेको कार्यपालिका बैठकले यो निर्देशिका पारित गरी जारी गरेको छ ।

### परिच्छेद - १

१. **संक्षिप्त नाम र प्रारम्भ** - (१) यस निर्देशिकाको नाम आठराई त्रिवेणी गाँउपालिकाको शैक्षिक अनुदान (सामुदायिक विद्यालय) निर्देशिका, २०८० रहने छ ।

२. **यो निर्देशिका कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।**

**परिभाषा वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-**

(क) **"विद्यालय"** भन्नाले नेपाल सरकारको संघीय शिक्षा ऐन, नियमावलीमा स्थापित प्रारम्भिक विकास केन्द्र देखि कक्षा १२ सम्म अध्यापन गराइने शैक्षिक संस्थालाई बुझाउँछ ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा ऐन, २०७८ लाई सम्झनुपर्छ ।

(ग) **"नियमावली"** भन्नाले आठराई त्रिवेणी गाउपालिकाको शिक्षा नियमावली, २०७९ लाई सम्झनुपर्छ ।

(घ) **"गाउँ सभा"** भन्नाले आठराई त्रिवेणी गाँउपालिकाको गाँउसभालाई सम्झनु पर्नेछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले आठराई त्रिवेणी गाँउपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) **"शिक्षा समिति"** भन्नाले आठराई त्रिवेणी गाँउपालिका शिक्षा ऐन, २०७८ को आधारमा गठित गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले आठराई त्रिवेणी गाँउको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) **"शाखा"** भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको शिक्षा सम्बन्धी काम गर्ने शाखालाई बुझाउछ ।

(झ) **"शिक्षा शाखा प्रमुख"** भन्नाले शिक्षा शाखामा काम गर्ने शाखा प्रमुख वा सो काम गर्न तोकिएको शिक्षा शाखाको कर्मचारी भनी बुझाउछ ।

(ञ) **"वडा समिति"** भन्नाले आठराई त्रिवेणी गाँउपालिकाको वडा समिति बुझ्नुपर्छ ।

(ट) **"विद्यालय निरिक्षक"** भन्नाले गाउँपालिकाको शिक्षा शाखा अन्तर्गत काम गर्न तोकिएको शिक्षा समुहको अधिकृत कर्मचारी भन्ने बुझाउन्छ ।

(ठ) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले आठराई त्रिवेणी गाँउपालिका शिक्षा ऐन, २०७८ (संसोधनसहित) को आधारमा गठित विद्यालयको व्यवस्थापन समिति भन्ने बुझाउछ ।

(ड) **"शिक्षक अभिभावक संघ"** भन्नाले आठराई त्रिवेणी शिक्षा नियमावली, २०७९ को आधारमा गठित शिक्षक र अभिभावकहरुको समिति पनि बुझाउछ ।

(ढ) **"प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी"** भन्नाले विद्यालयमा शिक्षण सिकाइ प्रयोजनकालागि नियमानुसार नियुक्त प्रधानाध्यापक, शिक्षक, कार्यालय सहायक, कार्यालय सहयोगी लगायतका नियमानुसार नियुक्त शिक्षक तथ कर्मचारी भन्ने बुझाउछ ।

(ण) **"अनुदान"** भन्नाले आठराई त्रिवेणी गाँउपालिकाले विद्यालयको भौतिक विकास तथा निर्माण, शैक्षिक विकास, निर्माण, मर्मत सम्भार विद्यालय शिक्षक कर्मचारीहरुका लागि तलब भत्ता प्रोत्साहन पुरस्कार तथा विद्यार्थीहरुको सर्वाङ्गिण

कार्यपालिकाको मिति २०८०/१०/०७ द्वारा प्रथम संशोधन

Scanned with OKEN Scanner

विकासका लागी प्राप्त हुने नमुना विद्यालय अनुदान, दिवा खाजा, पोषाक, छात्रवृत्ति, शैक्षिक सामाग्रि, पाठ्य पुस्तक, खेलकुद आवासीय प्रबन्ध समेतका लागि प्रदान गरिने आर्थिक तथा प्राविधिक सहयोगलाई बुझाउछ ।

(त) "लेखा परिक्षण" भन्नाले विद्यालयको सामाजिक लेखा परीक्षण तथा स्वतन्त्र लेखा परीक्षण भन्ने बुझिन्छ ।

(थ) "अनुगमन" भन्नाले विद्यालयको काम कारवाही शिक्षण सिकाइको अवस्थाको गतिविधि सम्बन्धी अधिकार प्राप्त अधिकारीबाट मूल्याङ्कन तथा विश्लेषण गर्ने कार्य भनि बुझाउछ ।

(द) "दण्ड सजाय" भन्नाले प्रचलित कानून विपरित काम गर्ने व्यक्ति, विद्यालय शिक्षक कर्मचारी, विद्यार्थी, अभिभावक र विद्यालय रहेको समुदायको प्रतिकुल हुने गरी काम गर्ने गराउने व्यक्तिलाइ प्रचलित कानून अनुसार हुने सजाय भनि बुझाउछ ।

(ध) "पुरस्कार" भन्नाले विद्यालयहरुको सर्वाङ्गिण विकासमा हितकारी काम गरे वापत प्राप्त हुने प्रशंसा सम्मान वृतिविकास तथा नगद धनराशीलाइ बुझाउछ ।

## परिच्छेद - २

३. विधालयलाई दिने अनुदान सम्बन्धी व्यवस्थाः

क) विद्यालयहरुमा गाउँपालिका मार्फत आवश्यकता तथा प्राथमिकताका आधारमा देहायका अनुदानहरु उपलब्ध हुनेछनः.

विद्यालयको संचालन तथा व्यवस्थापन, शिक्षक तलब भत्ता, भौतिक व्यवस्थापन, मर्मत संभार, फर्निचर, दिवा खाजा, शैक्षिक सामग्री, सांस्कृतिक तथा खेलकुद समाग्री, छात्रवृती, परिक्षा संचालन, कोचिङ कक्षा, ट्युसन लगायत शैक्षिक गुणस्तर वृद्धिका लागि उपलब्ध स्रोत र साधनका आधारमा गाउँपालिकाको क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुलाई नियमित तथा विशेष अनुदान । उपलब्ध अनुदान आ.व. २०७९/८० मा कक्षा १-३ र कक्षा १-५ संचालन रहेका वाहेक अन्य विद्यालयहरुले देहाय वमोजिम खर्च गर्नुपर्ने र आ.व. २०८०/८१ मा सम्पुर्ण विद्यालयहरुमा लागु हुनेछ।

अ) कक्षा १ देखी ३ सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. १०,०००।– प्राप्त गर्न सक्नेछन ।

i. विद्यालयमा स्टेसनरी, शैक्षिक सामग्री खरीद, सवै किसिमको परीक्षा संचालन, खेलकुद सामग्री खरीद, शैक्षिक गुणस्तर वृद्धि – शतप्रतिशत

आ) कक्षा १ देखी ५ सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. १०,०००।– प्राप्त गर्न सक्नेछन ।

I. विद्यालयमा स्टेसनरी, शैक्षिक सामग्री खरीद, सवै किसिमको परीक्षा संचालन, खेलकुद सामग्री खरीद तथा शैक्षिक गुणस्तर वृद्धिको लागि – शतप्रतिशत

इ) कक्षा १ देखी ८ सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. #४०,०००।– प्राप्त गर्न सक्नेछन ।

II. विद्यालयमा स्टेसनरी, शैक्षिक सामग्री खरीद, सवै किसिमको परीक्षा संचालन, खेलकुद सामग्री खरीद, शैक्षिक गुणस्तर वृद्धिको लागि – शतप्रतिशत

ई) कक्षा १ देखी १० सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. ७०,०००।– प्राप्त गर्न सक्नेछन ।

I. विद्यालयमा स्टेसनरी – १० प्रतिशत

II. शैक्षिक सामग्री खरीद – १० प्रतिशत।–

III. सवै किसिमको परीक्षा संचालन, रजिष्ट्रेशन शुल्क तथा परीक्षा आवेदन शुल्क र विद्यालयको प्रशासनिक कामको लागि – ५० प्रतिशत

IV. खेलकुद – २० प्रतिशत ।–

V. पानी, विद्युत तथा इन्टरनेटको महसुल – १० प्रतिशत

#पहिलो संशोधन द्वारा थप गरीएको ।

कार्यपालिकाको मिति २०८०/१०/०७ द्वारा प्रथम संशोधन

Scanned with OKEN Scanner

उ) कक्षा १ देखी १२ सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. #४७८०००।– प्राप्त गर्न सक्नेछन ।(११ र १२ मा २ दरवन्दी भएका विद्यालयहरुका लागि)

I. विद्यालयमा स्टेसनरी – १० प्रतिशत

II. शैक्षिक सामग्री खरीद – ५ प्रतिशत

III. सवै किसिमको परीक्षा संचालन, रजिष्ट्रेशन शुल्क तथा परीक्षा आवेदन शुल्क, ट्रान्सक्रिप्ट शुल्क, परीक्षा संग सम्वन्धी कामको लागि विराटनगर जान वढीमा ५ दिनको ४ पटकसम्मको भ्रमण खर्च तथा शिक्षा विकास तथा सम्वन्वय इकाइ जादा लाग्ने खर्च विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम एक दिनको भ्रमण खर्च तथा यातायात खर्च आवस्यकता अनुसार र शिक्षक व्यवस्थापन सहित – ७५ प्रतिशत

IV. खेलकुद – ५ प्रतिशत

V. पानी, विद्युत तथा इन्टरनेटको महसुल – ५ प्रतिशत

ऊ) कक्षा १ देखी १२ सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. #१०,५५,९५७।– प्राप्त गर्न सक्नेछन ।(११ र १२ मा शुन्य दरवन्दी भएका विद्यालयहरुका लागि)

I. विद्यालयमा स्टेसनरी – १० प्रतिशत

II. शैक्षिक सामग्री खरीद – ५ प्रतिशत

III. सवै किसिमको परीक्षा संचालन, रजिष्ट्रेशन शुल्क तथा परीक्षा आवेदन शुल्क, ट्रान्सक्रिप्ट शुल्क, परीक्षा संग सम्वन्धी कामको लागि विराटनगर जान वढीमा ५ दिनको ४ पटकसम्मको भ्रमण खर्च तथा शिक्षा विकास तथा सम्वन्वय इकाइ जादा लाग्ने खर्च विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम एक दिनको भ्रमण खर्च तथा यातायात खर्च आवस्यकता अनुसार र शिक्षक व्यवस्थापन सहित – ७५ प्रतिशत

IV. खेलकुद – ५ प्रतिशत

V. पानी, विद्युत तथा इन्टरनैटको महसुल – ५ प्रतिशत

VI. शुन्य दरवन्दी व्यवस्थापन (कक्षा ११ र १२) को लागि मासिक रु. #४३६८९।- दरले १३ महिनाको उपलव्ध गराउन सक्नेछ र पोशाक भत्ता रु. १००००)

ऋ) नमुना विद्यालय सम्वन्धी अनुदान

यस आठराई त्रिवेणी गाउँपालिका भित्रका केन्द्रवाट छनौट गरेको नमुना विद्यालय देखि वाहेकका मा.वि. (कक्षा ११ – १२) संचालित प्रधानाध्यापकले आ.व. को सुरुमा सुचना प्रकाशन भए पश्चात नमुना विद्यालयको प्रस्तावना तयार गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिका शिक्षा शाखामा पेश गर्नुपर्ने छ र सो प्रस्तावनाको आधारमा गाउँपालिका शिक्षा शाखाले अनुगमन गरी दिन उपयुक्त ठानेमा गाउँ शिक्षा समितिमा सिफारिसको लागि पेश गर्नेछ र उक्त गाउँ शिक्षा समितिको सिफारिस तथा विद्यालयको प्रस्तावना र विद्यालय व्यवस्थापन समितिको निर्णयलाई आधार मानि गाउँकार्यपालिकाले निर्णय गर्न सक्नेछ । नमुना विद्यालयले आ.व. २०८०/८१ मा रु. १५ लाख प्राप्त गर्न सक्नेछन् । सो प्राप्त गरेको सार्वजानिक लेखा परीक्षण गराई २०८१ असोज १५ गते भित्रमा शिक्षा समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ । विद्यालयले अधिकतम रुपमा शैक्षिक गुणस्तर वृद्धि सम्वन्धी क्रियाकलाप गर्नुपर्ने छ । नमुना विद्यालयको प्रशासनिक कार्यको लागि उक्त रकमको ५ प्रतिशत भन्दा वढी खर्च गर्न पाउनेछैन ।शिक्षक व्यवस्थापन, (भौतिक पक्षमा विद्यालयको कक्षाकोठालाई डिजिटल कक्षा निर्माण तथा प्रयाप्त शैक्षिक सामग्री प्रयोगको वातावरण वनाउनुपर्नेछ जसको जिम्मेवारी विद्यालयको प्रधानाध्यापक तथा शिक्षकको हुनेछ । पहिलो वर्ष कम्तिमा २ वटा कक्षा पुर्ण

कार्यपालिकाको मिति २०८०/१०/०७ द्वारा प्रथम संशोधन

#पहिलो संशोधन द्वारा थप गरीएको ।

Scanned with OKEN Scanner

रुपमा डिजिटल बनाउनुपर्नेछ र क्रमस अरु कक्षा पनि प्रत्येक वर्ष वर्षको २ वटाका दरले सबै कक्षा डिजिटल कक्षाकोठा निर्माण गर्नुपर्नेछ जसमा एउटा कक्षाकोठा एउटा प्रोजेक्टर अनिवार्य रुपमा हुनुपर्नेछ र शिक्षकलाई ल्यापटको व्यवस्था बजेटले भ्याएसम्म व्यवस्था गर्दै लानुपर्नेछ ।। नमुना विद्यालयले अनिवार्य विद्यार्थी तथा शिक्षकहरुलाई इ-हाजिरी, शिक्षकले कक्षाकोठामा बिताउने समय सम्बन्धी कार्यविधि पुर्ण रुपमा कार्यन्वयन भएको हुनुपर्नेछ । अनिवार्य रुपमा शिक्षक तथा विद्यार्थीको हाजिरी ९० प्रतिशत भन्दा माथि हुनुपर्नेछ । शिक्षक तथा स्टाफ बैठक महिनाको १ पटक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको बैठक २ महिनाको १ पटक बस्नुपर्ने छ । अनुदान निकाशा त्रैमासिक रुपमा विद्यालयले माग गरे बमोजिम नमुना विद्यालय अनुदान वापत विनियोजित रकमबाट गरिने छ । अनुदान रकम निरन्तर रुपमा कम्तिमा ५ आ.व सम्म प्राप्त गर्नेछ ।

माथि उल्लेखित बाहेकका अनुदान विद्यालयले औचित्यतासहितको माग पत्र तथा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा शाखामा पेश गर्नुपर्नेछ र सो मागको विषयमा शिक्षा शाखा र सो योजना संग सम्बन्धित शाखासहितको टोलीले अनुगमन गरी अनुदान दिनुपर्ने अवस्थामा आफ्नो प्रतिवेदन सहित शिक्षा समितिमा पेश गर्दछ शिक्षा समितिको सिफारिस तथा प्रतिवेदनको आधारमा उचित मूल्याङ्कन गरी कार्यपालिका तथा गाउँ सभाबाट बजेट विनियोजन गर्न सकिनेछ ।

ख) विद्यालयहरुलाइ उपलब्ध गराइने अनुदानका श्रोतहरु देहाय बमोजिम रहनेछनः

अ) नेपाल सरकारबाट आउने अनुदान

आ) प्रदेश सरकारबाट आउने अनुदान

इ) नेपाल सरकार संविधान प्रदत्त निकाय वा प्रदेश र स्थानीय सरकारसंग सम्झौता वा अनुमति लिइ प्राप्त हुने राष्ट्रसंघीय अन्तराष्ट्रिय वा राष्ट्रिय सरकारी तथा गैह सरकारी एवं स्थानीय र संघ संस्था एवं व्यक्ति वा समुहबाट प्राप्त हुने रकम

ई) गाउपालिकाबाट विनियोजित अनुदान

४. अनुदान वितरणका आंधारहरुः

क) विद्यालय अनुदान वितरणका आधारहरु देहाय बमोजिम हुनेछनः

अ) विद्यालयलाई उपलब्ध कक्षागत, तहगत र विषयगत शिक्षक दरबन्दीः बालविकास कक्षामा ४० जना बालबालिकासम्म १ जना सहजकर्ता, कक्षा १-३ सम्ममा २ जना शिक्षक, कक्षा १-५ सम्म ३ जना भन्दा कम दरबन्दी भएमा थप अनुदान उपलब्ध गराउन सकिने।

आ) विद्यालयमा रहेका कक्षागत र तहगत विद्यार्थी संख्याः प्रत्येक कक्षामा ४० जना भन्दा विद्यार्थी बढी भई प्राविमा ५ जना भन्दा कम, निमाविमा ४ जना भन्दा कम र माविमा ५ जना भन्दा कम शिक्षक भएका विद्यालयहरुलाई दरबन्दी पूरा नहुदासम्म आवश्यकता अनुसार थप अनुदान उपलब्ध गराउन सकिने ।

इ) शिक्षक, विद्यार्थी अनुपात कक्षा, तह र विद्यालयको समग्र अवस्थाको आधारमा अनुदान उपलब्ध गराउन सकिने

ई) विद्यालय निर्माण गरेको विद्यालय सुधार योजना, वार्षिक शैक्षणिक योजना, शैक्षिक उपलब्धि, परीक्षा नतिजा र शिक्षण सुधार योजनाका आधारमा अनुदानलाई प्राथमिकता दिने ।

उ) विद्यालयमा रहेको समुदायको शैक्षिक अवस्था सौँस्कृतिक अवस्था, अभिभावकको चेतना र आर्थिक सामाजिक अवस्था हेरी अनुदानलाई प्राथमिकता दिने ।

ऊ) अभिभावक सहभागिता, निजी तथा सामुदायिक र सार्वजनिक साझेदारी, विगतमा प्राप्त श्रोत साधनको सदुपयोग र उपलब्धीका आधारमा अनुदान दिन प्राथमिकता दिने ।

कार्यपालिकाको मिति २०८०/१०/०७ द्वारा प्रथम संशोधन

Scanned with OKEN Scanner

ऋ) विद्यालयको भौतिक अवस्था, कक्षाकोठा भवन, शैक्षिक सामाग्रि, विज्ञान तथा अन्य प्रयोगात्मक सामाग्री, पुरस्तकालय, खानेपानी, खेलमैदान घेरावारा, चेतनामूलक कार्यक्रमहरु, गोष्ठी, तालिमको आवश्यकता तथा अन्य पुर्वाधारको निर्माणको लागि अनुदान दिन सकिने।

ऌ) बढ्दो महङ्गी कारण संघिय सरकारवाट विद्यालयहरुलाई प्राप्त अनुदानले विद्यालयको न्युनतम अवस्थामा संचालन गर्न समस्या भएकोले सो समस्या हल नभएसम्म विद्यालयहरुलाई गाउँपालिकावाट अनुगमन गरी अनुदान उपलव्ध गराउन सकिने ।

ऍ) गाउँपालिकाको स्रोतका आधारमा अनुदान विनियोजन गर्न सकिने ।

**५. अनुदान वितरण प्रक्रियाः**

आ.व. २०७९/८० को हकमा परिच्छेद २ दफा ३ उपदफा अ देखी ऊ लागु हुने छैन।

**क. विद्यालयको अनुदान वितरण प्रकृया देहाय वमोजिम हुनेछः**

अ) विद्यालय व्यवस्थापन समितिको निर्णय र विद्यालयको माग पत्र

आ) वडा समितिको सिफारीस

इ) शिक्षा शाखा प्रमुख तथा वडा अध्यक्ष सहितले स्थलगत निरिक्षण, अनुगमन गरेको प्रतिवेदन

ई) शिक्षा शाखाको सिफारिस

उ) गाउँ शिक्षा समितिको सिफारिसको लागि निर्णय

ऊ) गाउँकार्यपालिकाको निर्णय

## परिच्छेद - ३

**६. विद्यालयलाई दिइने अनुदानको कार्यान्वियन**

**क) विद्यालयलाई दिइने अनुदानको कार्यान्वियन देहाय बमोजिम हुनेछः**

अ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी प्रतिनिधिहरुको संयुक्त वैठकवाट विद्यालयको समस्याको प्राथमिकरण गर्नुपर्नेछ ।

आ) तोकिएको शिर्षकमा प्राप्त भएको रकम सोहि शिर्षकमा नियमानुसार खर्च गर्नुपर्नेछ ।

इ) कार्य सम्पादन भएपछि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ गाँउपालिकाको प्रतिनिधि, वडा प्रतिनिधि सम्मिलित भेलावाट सार्वजनिक सुनुवाइ र सामाजिक परिक्षण गर्नुपर्नेछ ।

ई) प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख, आ.ले.प., प्रशासन शाखा प्रमुख तथा विद्यालय निरीक्षकले आवश्यकता अनुसार निकासा भएको अनुदान नियमानुसार खर्च भए नभएकोबारे जाँचबुझ अनुगमन र निरिक्षण गर्नुपर्नेछ ।

उ) प्रदान गरिने अनुदानको प्रभावकारीता र अवस्थाबारे कार्यपालिकामार्फत गाँउसभामा जानकारी गराउनु पर्नेछ।

## परिच्छेद – ४

**७. विद्यालयलाई प्रदान गरिएको अनुदानको अनुगमनः**

क) विद्यालयलाई निकासा भएको अनुदान, ऐन, नियमावली, कार्यविधि र निर्देशिका अनुसार परिचालन भए नभएको बारेमा देहायका व्यक्ति, पदाधिकारी संघ संस्थाहरूले अनुगमन गर्न सक्नेछन् ।

अ) सरोकारवाला निकायका खटिई आउने पदाधिकारीहरु ।

आ) गाँउपालिकाका पदाधिकारी तथा सम्बन्धित कर्मचारीहरु ।

## परिच्छेद - ५

**८. विद्यालयलाई प्राप्त अनुदानको लेखा परीक्षण सम्बन्धी व्यवस्थाः**

| #पहिलो संशोधन द्वारा थप गरीएको । |
|---|

कार्यपालिकाको मिति २०८०/१०/०७ द्वारा प्रथम संशोधन

Scanned with OKEN Scanner

क) विद्यालयहरुलाई प्राप्त भएको अनुदानको आम्दानी र खर्च प्रचलित ऐन नियम र कार्यविधिअनुसार भएको लेखा राखे र लेखा परिक्षण (सार्वजानिक लेखा परीक्षण, सामाजिक लेखा परीक्षण तथा लेखा परीक्षण) गराउने दायित्व विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र आर्थिक कारोबार गर्ने शिक्षक कर्मचारीको हुनेछ । माथि परिच्छेद २ दफा ३ उपदफा अ देखि ऊ सम्मको निकाशा गर्दा ताका बिल भर्पाई पेश गर्नुपर्ने छैन तर खर्च भई सकेपछिको बिल भर्पाई गाउँपालिकाले माग गरेको वखत अनिवार्य बुझाउनुपर्नेछ।

परिच्छेद - ६

९. दण्ड सजाय र पुरस्कार सम्बन्धी व्यवस्थाः

क) सजाय सम्बन्धी व्यवस्थाः

अ) विद्यालयलाई प्राप्त भएको अनुदान चल अचल सम्पत्ति नियमानुसार खर्च नभएमा, हिनामिना भएमा वा तोकिएको शिर्षकमा खर्च नगरिएको देखिएमा सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिहरुलाई स्पष्टिकरण, तलब भत्ता रोक्का गर्ने लगायत नियमानुसार विभागीय कारवाही एवं दण्ड सजाय हुनेछ ।

ख) पुरस्कार सम्बन्धी व्यवस्थाः

अ) विद्यालयलाई प्राप्त अनुदानको सदुपयोग भएको विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकको पक्षमा सकरात्मक र रचनात्मक काम भएको देखिएमा सम्बन्धित विद्यालयलाई पुरस्कृत गर्न सकिनेछ । यस्तो पुरस्कार प्रशंसा तथा सम्मान शिक्षा दिवस, लोकतन्त्र दिवस, विद्यालयको बार्षिक उत्सव तथा अभिभावक दिवस, गाउँ सभा तथा अन्य दिवसहरुमा सार्वजनिक रुपमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे वमोजिम प्रदान गरिनेछ ।

परिच्छेद - ७

१०. बचाउः

क) यो निर्देशिका लागु हुनुपूर्व विद्यालयहरुले प्राप्त गरेका अनुदानहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

प्रमाणीकरण गर्ने :-
दिपेन्द्र पोमू
गाउँपालिका अध्यक्ष
आठराई त्रिवेणी गाउँपालिका ताप्लेजुङ
संशोधन प्रमाणीकरण मिति :- २०८०।१०।०७ गते

अनुदान सम्झौता

कार्यपालिकाको मिति २०८०/१०/०७ द्वारा प्रथम संशोधन

Scanned with OKEN Scanner

## अनुदान सम्झौता

आठराई त्रिवेणी गाउँपालिकाको कार्यालय, हाङपाङ, ताप्लेजुङ (यस पछि पहिलो पक्ष भनिएको) र ताप्लेजुङ जिल्ला आठराई त्रिवेणी गाउँपालिका वडा नं. .......... मा रहेको श्री ............................................................मा कार्यरत प्रधानाध्यापक श्री ........................................(यस पछि दोस्रो पक्ष भनिएको) का विच चालु आर्थिक वर्ष.................................................मा गाउँपालिकावाट विनियोजित ..........................................................अन्तर्गत माध्यमिक शिक्षा निशुल्क अनुदान/ पालिकाको नमुना विद्यालय स्थापना वापत अनुदानको रकम रु. ......................(अक्षरेपि- ................................................... रूपैया मात्र ।) सम्वन्धित विद्यालयमा निकासा गर्न देहायका शर्तको अधिनमा रहि यो अनुदान सम्झौता गरि आपसमा एक एक प्रति बुझि लियौं, दियौं।

१. गाउँपालिकाले व्यहोर्ने रू...........................................

२. खुद निकाशा रकमः रु...........................................

### शर्तहरु

१. दोस्रो पक्षले,पहिलो पक्षले स्वीकृत योजना गाउँपालिकावाट स्विकृत माध्यमिक शिक्षा निशुल्क अनुदान/पालिकाको नमुना विद्यालय स्थापना अनुदान अन्तर्गतका क्रियाकलापहरुको कार्यन्वयन प्रक्रियामा व्यवस्था भए वमोजिम दोस्रो पक्षले प्रचलित सार्वजिक खरिद ऐन,२०६३ मा उल्लिखित प्रावधानका आधारमा कार्यसम्पादन गर्नुपर्नेछ।

२. दोस्रो पक्षले आफ्नो विद्यालयको व्यवस्थापन समिति मार्फत तोकिएको कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

३. दोस्रो पक्षले अनुदान बापत निकासा गरिएको रकम र सो बमोजिम सम्पादित कार्यमा अन्तिम लेखापरीक्षण प्रचलित कानुन बमोजिम विद्यालयबाट नै गराउनुपर्नेछ।

४. पहिलो पक्षले दोस्रो पक्षलाई कार्यप्रगतिका आधारमा विद्यालयको खातामा निकासा हुनेछ ।

५. अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**दोस्रो पक्षको तर्फबाट**

हस्ताक्षरः

नाम,थरः

दर्जाः प्रधानाध्यापक

मितिः

कार्यालयको छापः

**पहिलो पक्षको तर्फबाट**

हस्ताक्षरः

नाम,थरः श्री

पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः

कार्यालयको छापः

**साक्षी**

हस्ताक्षरः

नाम,थरः

पदः शिक्षा शाखा प्रमुख

कार्यपालिकाको मिति २०८०/१०/०७ द्वारा प्रथम संशोधन

Scanned with OKEN Scanner